# बर्जु गाउँपालिका

# आ.व. २०७५।०७६ को नवौं कार्यपालिका बैठक

मिति : २०७५।१२।२२

**प्रस्तावहरु :**

**१. प्रधानमंत्री रोजगार कार्यक्रम संचालनको लागी स्थानिय निर्देशक समिति गठन गर्ने सम्वन्धमा ।**

**२. शिक्षा शाखा प्रमुखको जिम्वेवारी दिने सम्वन्धमा ।**

**३. प्रहरी चौकीको नाममा जग्गा दर्ताको लागी सिफारिस गरिदिने सम्वन्धमा ।**

**४. तेश्रो गाउँसभा गर्ने सम्वन्धमा ।**

**५. कानुनको मस्यौदा माथि छलफल गर्ने  सम्वन्धमा ।**

**६. पोशाक भत्ता उपलब्ध गराउने सम्वन्धमा ।**

**७. सार्वजनिक सुनुवाई तथा सामाजिक परिक्षण गराउने सम्वन्धमा ।**

**८. सामुदायिक विद्यालयमा अंग्रेजी माध्यम वाट पठनपाठन गराउने सम्वन्धमा ।**

**९. मर्मत संभार सम्वन्धि कार्यविधि बनाउने सम्वन्धमा ।**

**१०. चालु आ.व.को कार्यक्रम,योजना तथा बजेट संसोधन तथा रकमान्तर सम्वन्धमा ।**

**११. कृषी क्षेत्रको विकासको लागि किसानहरु लाई विउ र मलमा Subsidy उपलब्ध गराउनको लागि कार्य विधि निमार्ण गर्ने सम्बन्धमा ।**

आज मिति २०७५ साल चैत्र २२ गते शुक्रबारका दिन यस वर्जु गाउँपालिकाको अध्यक्ष श्री रधुन्नदन चौधरी ज्यूको अध्यक्षतामा बैठक बसी प्रस्तुत प्रस्तावहरुमा छलफल भई निम्न निर्णयमा पुगीयो ।

**निर्णयहरु**

**निर्णय नं. १**

प्रस्ताव नं. १ मा छलफल गर्दा रोजगारीको हक सम्बन्धी ऐन, २०७५ तथा नियमावली २०७५ र प्रधान मन्त्री रोजगार कार्यक्रम संचालन निर्देशिकाको रोजगारीको हक सम्बन्धी नियमावली २०७५ को नियम (१४) को उप नियम (१) तपशिल वमोजिम यस बर्जु गाउँ पालिकाको स्थानीय निर्देशक समिति रहने भनी निर्णय सर्व सहमती वाट गरियो ।

तपशिल

अध्यक्ष - श्री रघुनन्दन चौधरी

सदस्य - श्री संगिता कुमारी राय ( उपाध्यक्ष )

सदस्य - श्री  आनन्द यादव ( वडाध्यक्ष )

सदस्य - श्री प्रदिप चौधरी ( वडाध्यक्ष )

सदस्य समिति - श्री राम चरित्र मेहता ( प्र.प्र.अ. )

### निर्णय नं. २

प्रस्ताव नं. २ मा छलफल गर्दा विगत लामो समय देखी स्रोत व्यक्ती श्री प्रल्हाद कामतले यस बर्जु गा.पा.मा स्रोत व्यक्तिको काम गर्दै आएको र स्थानीय तह निमार्ण भए पश्चात यस गा.पा.मा शिक्षा शाखा वा प्रमुखको जिम्मेवारी पाएकोमा श्री शिक्षा विकास तथा समन्वय इकाई सुनसरीको मिति २०७५।११।१० र च.नं. २७५ ४ को निर्णय बमोजिम साविकको पद तथा पदाधिकार रहेको विधालयय  श्री राम सिता मा.वि. वर्जुमा काज फिर्ता गरिएको हुदा आजको कार्यपालिकाको वैठकवाट श्री प्रल्हाद कामत लाई २०७६ साल असाढ मसान्त सम्म गा.पा. मा काजमा राख्ने निर्णय गरियो ।

### निर्णय नं. ३

प्रस्ताव नं. ३ मा छलफल गर्दा यस बर्जु गा.पा. वडा नं. ३ मा रहेको प्रहरी चौकीको लागि नेपाल सरकारको नाम दर्ता रहेको जम्मा अमडुवा ४।ख कित्ता नं. ३६ को ज.वि. ०-४-१६ (चार कट्ठा पन्ध्र धुर) क्षेत्रफल भएको जग्गा प्रहरी चौकी अमडुवा विगत लामो समय देखी वसेको र केही जगा स्थानीय वासी समेतले प्रहरी चौकी लाई लिखित पास गरेको  हुदा भवन निमार्णको लागि नपुग जग्गा नेपाल सरकारको नाममा रहेको र प्रहरी चौकीले भोगचलन गरेको हुँदा आजको कार्यपालिकाको वैठक बाट उक्त जग्गा प्रहरी चौकीको नाममा नामसारी गरी प्रहरी चौकीको भवन निमार्णमा सहयोग पूर्‍याई दिन हुनको लागि गृह मन्त्रालय र संघीय मामिला तथा सा.प्र. मन्त्रालयमा सिफारीस साथ अनुरोध गर्ने निर्णय सर्व सहमतिबाट गरियो ।

### निर्णय नं. ४

प्रस्ताव नं. ४ मा छलफल गर्दा यस बर्जु गा.पा.को तेस्रो गाउँ सभा मिति २०७५ साल चैत्र २९ गते दिनको ठिक १.०० बजे बस्ने निर्णय सर्व सहमतिबाट गरियो ।

### निर्णय नं. ५

प्रस्ताव नं. ५ मा छलफल गर्दा आजको कार्यपालिकाको वैठकमा पेश भएको तपशिल वमोजिम ऐन र कार्याविधि एवं कानुनको मस्यैदाको विधयक पेश भई व्यापक छलफल गरी आवश्यक सल्लाह, सुझाव दिईयो र प्राप्त सल्लाह सुझावलाई समावेश गरि अगामी वैठकमा स्वीकृतको लागि पेश गर्ने निर्णय सर्वसहमती गरियो ।

(क) मानव वेच विखन तथा ओसार पोसार विरुद्ध समिति (गठन तथा संचालन ) सम्बन्धी निर्देशिका २०७५ ।

(ख) बर्जु गाउँपालिकाको सहकारी ऐन, २०७५

(ग) बर्जु गाउँपालिकाको घ बर्गको निमार्ण व्यवसायी इजाजतपत्र सम्बन्धि कार्यविधि, २०७५

(घ) स्थानिय तहमा करारमा जनशक्ति व्यवस्थापन गर्ने सम्बन्धि कार्यविधि, २०७५

(ङ) करारमा प्राविधिक कर्मचारी व्यवस्थापन गर्ने सम्बन्धि कार्यविधि, २०७५

(च) प्रशासकीय कार्यविधि नियमित गर्ने ऐन, २०७५

(छ) बर्जु गाउँपालिकाको प्रशासकीय कार्यविधि (नियमित गर्ने) विधेयक, २०७५

(ज) उपभोक्ता समिति गठन, परिचालन तथा व्यवस्थापन कार्यविधि, २०७५

(झ) स्थानिय विपद् व्यवस्थापन कोष सञ्चालनन कार्यविधि, २०७५

(ञ) बर्जु गाउँपालिकाको कार्यसम्पादन नियमावली, २०७५

(ट) वर्जु गाउँपालिकाको विपद जोखिम न्युनिकरण तथा व्यवस्थापन कार्यविधि, २०७५

(ठ) शिक्षा सम्बन्धी एकिकृत कार्यविधि, २०७५

(ड) बर्जु गाउँपालिकाको सार्वजनिक खरिद नियमावली, २०७५

**निर्णय नं. ६**

प्रस्ताव नं. ६ मा छलफल गर्दा बर्जु गाउँपालिकामा कार्यरत सम्पुर्ण कर्मचारीहरु र करार सेवामा कार्यरत कर्मचारीहरु लाई नेपाल सरकारको निर्णय बमोजिम पोशाक भत्ता दिने सर्वसहमतीबाट निर्णय गरीयो ।

**निर्णय नं. ७**

प्रस्ताव नं. ७ मा छलफल गर्दा नागरकि प्रतीको जवाफदेहिता पारदर्शीता र उत्तरदायीत्व बहन गर्नको लागि बर्जु गाउपालिका तथा वडा कार्यालय बाट आ.व. २०७५।७६ मा संचालित कार्यक्रम तथा योजना हरुको कार्यतालिका निमार्ण गरि ६ वटै वडामा सार्वजनिक परिक्षण तथा सार्वजाकनिक सुनुवाई गर्ने निर्णय गरियो ।

**निर्णय नं. ८**

प्रस्ताव नं. ८ मा छलफल गर्दा गर्दा सामुदायिक विद्यालयहरुमा आगामी शैक्षिक सत्र देखि कक्षा ३ तीन सम्म अग्रेजी माध्यम वाट पठनपाठन गर्ने गराउने निर्णय गरियो ।

**निर्णय नं. ९**

बर्जु गाउँपालिका को अधिकारक्षेत्र भित्ररहेका पूर्वाधारहरुको मर्मत संभारका लागी गाउँपालिका मा एक मर्मत संभार कोष स्थापना र संचालनको लागी कार्यविधि निर्माण गरी लागु गर्ने निर्णय गरियो ।

**निर्णय नं.१०**

चालु आ.व.को योजना तथा कार्यक्रम संसोधन तथा  रकमान्तरका लागी तेस्रो गाउँसभामा पेश गर्न का लागी प्रत्येक वडावाट गाउँपालिकामा पेश गर्ने निर्णय गरियो ।

**निर्णय नं.११**

किसानहरु लाई सहुलियतदरको विउविजन तथा मलखाद वितरणका लागी कार्यविधि निर्माण गरी आगामी गाउँसभामा पेश गर्ने निर्णय गरियो ।